"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
# इलाम

Green Ilam

१ न. प्रदेश, नेपाल

प.सं. :०७५।०७६(श्रीमान् प्रमुख ज्यूको सचिवालय)
च.नं. २७

मिति : २०७५/०४/२७

## अपिल

आदरणिय नगरवासी दाजुभाई, दिदीबहिनी,

इलाम नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को लागी आफ्नो बजेट तथा कार्यक्रमहरु गत असार महिनामा नै सार्वजनिक गरीसकेको कुरा नगरवासी सबैलाई जानकारी भईसकेको छ। यस चालु आर्थिक वर्षको कर दस्तुर बारे विभिन्न भ्रमहरु चलिरहेको सन्दर्भमा इलाम नगरपालिकाको ध्यानाकार्षण भएको छ। यस सन्दर्भमा केही कुरा स्पष्ट गर्न आवश्यक भएकोले स्पष्ट गरीएको छ। जन्म, मृत्यू, विवाहको घटना दर्ता गर्दा समेत रु.५००।- कर लिएको गलत हल्ला चलाइएको सन्दर्भमा सत्य कुरा केहो भने यस्तो घटना (जन्म,मृत्यू,विवाह) दर्ता गराउदा ३५ दिनभित्र दर्ता गराउदा कुनैपनि कर दस्तुर लाग्दैन भने ३५ दिन पछी दर्ता गराउदा रु ५०।-जरीवाना लाग्ने प्रावधान रहेको छ। तर नगरपालिकाले नगर राजपत्रमा प्रकाशित गरेको "इलाम नगरपालिका आर्थिक व्यवस्था ऐन ,२०७५"को पृष्ठ ३५ को क्रमसंख्या २४ देखि २८ सम्मको व्यवस्था कुनैपनि व्यक्तिलाई कुनै पनि कारणले उक्त घटनाहरु प्रमाणित गरि अभिलेख लिनु परेमा मात्र प्रमाणित दस्तुर लाग्ने हो। स्पष्ट हुनुपर्ने कुरा अझ केहो भने नगरपालिका भित्र जन्मिएका नगरका नागरिकले बच्चा जन्माएर ३५ दिनभित्र घटना दर्ता गराए सुत्केरी सुविधा वापत न्यूनतम रु.३०००।- देखि अधिकतम रु ५०००।- सम्म पाउने व्यवस्था रहेको छ।अन्य कर दस्तुरहरु इलाम नगरपालिकाले वृद्धि गरेको छैन। तर यस सन्दर्भमा के स्पष्ट हुन जरुरी रहेको छ भने विगतमा गा.वि.स. को हैषियतमा रहेका वडाहरुमा गत आ.व.मा पनि गा.वि.स.को करका दर दायरा कायम गरिएको थियो भने यस बर्ष इलाम नगरपालिका क्षेत्रभरी एकै प्रकारको कर दस्तुर कायम गरिएको छ। तर अझै सम्पत्तिकरको सन्दर्भमा फरक व्यवस्था गरिएको छ। विगतमा एकिकृत सम्पत्तिकर अन्तर्गत साविक नगरपालिका भित्र रहेको घर र जमिनलाई एकिकृत सम्पत्तिकर लिइरहेकोमा संघीय सरकारको आ.व. २०७५/२०७६ को आर्थिक ऐनले स्थानीय तहले सम्पत्तिकर मात्र लिन पाउने र बढीमा एक रोपनी जमीनसम्म ओगटेको घर र घरले ओगटेको जमिनमा मात्र सम्पत्तिकर लाग्ने, घरले नओगटेको जमिनको मालपोत वा भुमीकर मात्र लाग्ने व्यवस्था भएकोमा सोही बमोजिम व्यवस्था गरिएको छ। यसको अतिरिक्त साविक नगरपालिका वाहेकका वडाहरुमध्ये राजमार्गले छोएका वडाहरुमा अधिकतम रु २०००।- र राजमार्गले नछोएका वडाहरुमा अधिकतम रु १०००।- मात्र सम्पत्तिकर लिने व्यवस्था गरिएको छ। विगत इलाम नगरपालिकाले प्राप्त गरिरहेको घरजग्गा रजिष्ट्रेशन शुल्क र जिल्ला निकासी वापतको रकम गत आ.व. देखि रोक्का रहेको समेत जानकारी गराउदछु।

प्रमुख

"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,
### इलाम

Green Ilam

१ नं. प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा व्यवस्था भए बमोजिम टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्साको सवारी कर स्थानीय तहले लिन पाउने व्यवस्था समेत खारेज गरेको छ ।

साविकमा नेपाल सरकारले लिइरहेको १०% र स्थानीय तहले लिने गरेको २% घरवहाल कर सबै नगरपालिकाले उठाउनु पर्ने कानूनी व्यवस्था संघीय सरकारले गरेकोमा १२% लिनुपर्ने घरवहाल करलाई घटाएर ७% मात्र कायम गरिएको छ । विगतमा इलाम नगरपालिकाले सक्सन मेसिन प्रयोग गरे वापत प्रति ट्रिप रु ४५००।- लिने गरेकोमा उक्त शुल्क यस आ.व. देखि रु ३५००।- मात्र कायम गरिएको छ । खानेपानी महशुलमा कुनै बृद्धि गरिएको छैन भन्ने अन्य कर दस्तुरमा बृद्धि गरिएको छैन । नयाँ करको दायराको रुपमा प्रदुषण कर लिने व्यवस्था गरिएको छ र यसले आम नागरिकलाई कुनै पनि नकारात्मक असर पारेको छैन र पार्ने पनि छैन ।

विगतमा वडाहरुमा रु १० देखि १५ लाखसम्म मात्र बजेट रकम पुग्ने अवस्था हामीले भोगी आएका नै छौ । यस्तो अवस्थाको अन्त्य गर्दै गत वर्षदेखि नै प्रत्येक वडामा न्यूनतम १ करोड बजेट र कार्यक्रम पुऱ्याउने कार्य भइरहेको छ । यस चालु आ.व. मा प्रत्येक वडालाई वडा स्तरीय कार्यक्रम सञ्चालन गर्न प्रति वडा रु ५० लाख र नगरस्तरीय योजनाका लागी अन्य बजेट विनियोजन गरिएको छ ।

आदरणीय नगरवासी दाजुभाई दिदी वहिनीहरु,

नेपालको संविधानले ३ तहको सरकारको व्यवस्था गरे अनुरुप स्थानीय तह तपाईहरुको पहुँचको सरकार हो । यो सरकार नागरिकहरुको हित विपरीत कार्यगर्ने कुरा सोच्न पनि सक्दैन । करका सन्दर्भमा हामी जानकार छौ नागरिक क्षमताको बृद्धिसँगै करको बृद्धि सान्दर्भिक हुन्छ तसर्थ हामी नगरिकको चौतर्फि विकास गर्ने काममा केन्द्रित छौ । हामी जनताका प्रतिनिधि हौ तर पनि आम सरोकारका विषयमा निर्णयगर्दा सरोकारवालाहरुको राय, सल्लाह, परामर्श र सहभागितामा मात्र निर्णय गरिरहेका छौं । अतः अनेकन सञ्चार माध्यममा आएका भ्रामक र झुट्टा प्रचारबाट सचेत भई इलाम नगरपालिकालाई सहयोग गर्न हुन हार्दिक आव्हान गर्दछु ।

मिति : २०७५/०४/२७

महेश बस्नेत